# कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धनको लागि दिवस, मेला र महोत्सव सहयोग कार्यक्रम सञ्चालन कार्यविधी, २०७५

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

## कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धनको लागि दिवस, मेला र महोत्सव सहयोग कार्यक्रम सञ्चालन कार्यविधी, २०७५

**प्रस्तावनाः**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि तथा पशुपंक्षी व्यवसाय प्रबर्द्धनको लागि दिवस, मेला र महोत्सव जस्ता कार्यक्रमहरु विभिन्न निकायहरुको समन्वयमा सञ्चालन गरी कृषि तथा पशुपंक्षी जन्य वस्तुको प्रचार प्रचार गर्ने सन्दर्भमा गण्डकी प्रदेशको आ.ब. २०७५।७६ को वार्षिक बजेटमा समावेश भएको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धनको लागि दिवस, मेला र महोत्सव सहयोग कार्यक्रम संचालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई सोही अनुसार कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यबिधि तयार गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधीको नाम **"कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धनको लागि दिवस, मेला र महोत्सव सहयोग कार्यक्रम सञ्चालन कार्यविधी, २०७५"** रहेको छ ।

ख) यो कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

ग) यो कार्यविधि गण्डकी प्रदेश भर लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

क) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश लाई सम्झनु पर्दछ।

ख) **"निर्देशनालय (कृषि)"** भन्नाले उक्त मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय भन्ने सम्झनु पर्दछ।

ग) **"निर्देशनालय (पशुपंक्षी)"** भन्नाले उक्त मन्त्रालय मातहतको पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय भन्ने सम्झनु पर्दछ।

घ) **"ज्ञान केन्द्र"** भन्नाले कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

ङ) **"विज्ञ केन्द्र"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्दछ ।

च) **"सम्बन्धित कार्यालय"** भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय वा मन्त्रालय मातहतका कार्यालय भन्ने सम्झनु पर्दछ ।

छ) **"साझेदारी संस्था"** भन्नाले सम्बन्धित कार्यालयले लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सम्झौता गरेको संघसंस्थालाई जनाउंदछ ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन विधि

**३. कार्यक्रम सञ्चालन :** मन्त्रालय वा मन्त्रालय मातहतका निकायमार्फत कार्यक्रम सञ्चालन हुनेछन् ।

**४. प्रस्ताव पेश गर्ने :**

लागत साझेदारीमा कार्यक्रम सञ्चलान गर्न इच्छुक संघसंस्थाले लागत साझेदारी स्पष्ट देखिने खालको संक्षिप्त प्रस्ताव सहितको निवेदन, संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी र संस्था संचालक समितिको निर्णयको प्रतिलिपी (कार्यक्रम साझेदारीमा सञ्चालन गर्नका लागि प्रस्ताव पेश गर्ने बारे) सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ। कुनै पनि कार्यक्रम सञ्चालन गर्ने मितिको कम्तिमा १५ दिन अगाडि नै आवेदक संस्थाले प्रस्ताव र निवेदन पेश गरिसक्नु पर्नेछ ।

**५. कार्यक्रमहरु :**

कृषक समुह, कृषि सहकारी संस्था, उद्योग बाणिज्य संघ र अन्य कृषि संग सम्बन्धित संघसंस्थाको लागत साझेदारीमा कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धनको लागि सहयोग पुर्याउने उद्धेश्यले देहायबमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

क) विश्व खाद्य दिवस कार्यक्रम ।

ख) राष्टिय धान दिवस एवं रोपाईं महोत्सव कार्यक्रम ।

ग) राष्ट्रिय एवं प्रादेशिक महत्व रहेको कृषि तथा पशुपंक्षी संग सम्बन्धित अन्य कुनै दिवस कार्यक्रम ।

घ) कुनै मेला वा महोत्सवको अवसरमा कृषि जन्य बाली, बस्तु तथा पशुपंक्षी जन्य वस्तुको प्रदर्शनी कार्यक्रम।

ङ) कृषि तथा पशुपंक्षी व्यवसाय प्रर्वद्धन गर्ने गीत प्रतियोगिता ।

च) कृषि तथा पशुपंक्षीसंग सम्बन्धित भिडियो डकुमेन्ट्री निर्माण एवं वितरण ।

छ) कृषि तथा पशुपंक्षी सम्बन्धि जनचेतनामुलक एवं प्रचारप्रसार कार्यक्रम ।

ज) रेविज दिवस कार्यक्रम ।

झ) विश्व भेटेरिनरी दिवस कार्यक्रम ।

ञ) विश्व दुग्ध दिवस ।

ट) अन्य (कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन गर्ने प्रकृतिका कार्यक्रमहरु ।)

**६. प्रस्ताव छनौट :**

क) कार्यक्रम सञ्चालनका लागि पेश भएका प्रस्ताव र संस्थाको मूल्यांकन एवं छनौट सम्बन्धित कार्यालयले नै गर्नेछ । पेश भएका प्रस्ताव छनौट गर्दा कृषि तथा पशुपंक्षी व्यवसायको प्रबर्द्धनको लागि मनासिव देखिनुको कारण देखाई सम्बन्धित कार्यालयले प्रस्ताव छनौट गर्नुपर्नेछ।

ख) प्रदेश सरकार वा मातहतको निकायबाट अनुदान प्राप्त गरी कृषि व्यवसाय संचालन गरिरहेको/गरेको कृषक समूह, सहकारी वा व्यवसायीलाई प्राथमिकतामा राखी छनोट गरिनेछ ।

ग) संस्था छनौट पश्चात संस्था र सम्बन्धित कार्यालय बीच कार्यक्रम सञ्चालनको लागि अनुसूची-१ बमोजिम सम्झौता गरिनेछ। सम्झौता पत्रमा दुबै साझेदारी संस्थाले पूरा गर्नुपर्ने दायित्व र जिम्मेवारी उल्लेख गरिनेछ।

**७. लागत साझेदारी :**

क) दफा ५ बमोजिमका कार्यक्रमहरु सञ्चालनमा लागत साझेदारी बढीमा ८५ प्रतिशत मात्र हुनेछ ।

ख) छनौट भएका साझेदारी संस्थालाई दफा ५ बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न अनुदान रकम मन्त्रालय वा मातहतको कार्यालय मार्फत कार्य प्रगति वा कार्य सम्पन्न प्रतिवेदनको आधारमा उपलब्ध गराईनेछ ।

ग) तालिकामा उल्लेखित कार्यक्रमहरू संचालन गर्दा स्थायी प्रकारका प्रदर्शनी स्थल वा स्थायी संरचना निर्माण जस्ता पूँजीगत खर्च सम्बन्धि कार्यहरूलाई प्राथमिकता दिइनेछ ।

घ) साझेदारी संस्थाले सञ्चालन गर्नुपर्ने सम्पूर्ण क्रियाकलापहरु अनुसूची-१ अनुसारको सम्झौता पत्रमा उल्लेख गर्नुपर्नेछ । कार्यसम्पन्न पश्चात साझेदारी संस्थाले सञ्चालन गरेका हरेक क्रियाकलापहरुको ईकाइ, परिमाण, दर रकम र जम्मा खर्च र कुल खर्च देखिने गरि खर्च सारांश प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेश गरिसकेपछि मात्र कार्यक्रम खर्चको भुक्तानी हुनेछ।

**८. अनुगमन तथा मूल्याङकन :**

क) कार्यक्रम सञ्चालनलाई प्रभावकारी बनाउन सम्बन्धित कार्यालयले अनुगमन गर्नुपर्नेछ ।

ख) सम्बन्धित कार्यालयले कार्यक्रम सञ्चालनका लागि साझेदार संस्थालाई प्राविधिक सहयोग गर्ने र आवश्यक निर्देशन दिने कार्य गर्नुपर्नेछ ।

ग) कार्यक्रम सँचालन पश्चात अनुसूची -२ बमोजिमको उपलब्धि अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गर्नुपर्नेछ ।

## परिच्छेद ३

## <u>विविध</u>

९. यस कार्यविधीमा उल्लेख भएका बुंदाहरु यसै बमोजिम र उल्लेख नभएका अन्य शर्त/ब्यहोराहरु प्रचलित कानून अनुसार हुनेछन ।

१०. साझेदार संस्थाले लागत साझेदारीमा संचालन भएको कार्यक्रमको विस्तृत विवरण झल्किने फ्लेक्स वा सुचना सामाग्री कार्यक्रम संचालन स्थलमा राख्नु पर्नेछ ।

११. यस कार्यविधीमा उल्लेखित कार्यक्रमका लागि अनुदान प्रदान गर्दा बार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेटको परिधिभित्र रही कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२.**बाधा अड्काउ फुकाउ :** यस कार्यबिधिमा कार्यान्वयनमा केही बाधा ब्यवधान परेमा वा बिवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

१३. **संशोधनः** यो कार्यविधि मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

## कृषि पशुपंक्षी व्यवसाय प्रवर्द्धनको लागि दिवस, मेला र महोत्सव सहयोग कार्यक्रम सम्बन्धी सम्झौता पत्र (नमुना)

१. यो सम्झौता-पत्र कृषक समुह, कृषि सहकारी संस्था, उद्योग बाणिज्य संघ र अन्य कृषि संग सम्बन्धित संघसंस्था (यस पछि दोस्रो पक्ष भनिने) र मन्त्रालय वा मातहतको निकाय (यस पछि प्रथम पक्ष भनिने) (..................) वीच **कृषि पशुपंक्षी व्यवसाय प्रवर्द्धनको लागि दिवस, मेला र महोत्सव सहयोग कार्यक्रम** कार्यान्वयन प्रयोजनको लागि मात्र प्रयोग गरिने छ ।

२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिने छ ।

३. दोस्रो पक्षले सम्झौता भएको मितिले ........ दिन भित्र कार्य शुरु गर्नुपर्ने छ ।

४. यस योजनाको निर्माण र संचालन कार्य दोस्रो पक्ष आफैले गर्नु पर्ने छ । आफैले नगरी दोश्रो व्यक्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाईने छैन ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई इष्टिमेट अनुसारको कार्य संचालन गर्न आयोजनाको प्रकृति अनुसार बढीमा... किस्तामा रकम उपलब्ध गराउने छ ।

६. कार्यसम्पन्न पश्चात साझेदार संस्थाले सञ्चालन गरेका हरेक क्रियाकलापहरुको ईकाइ, परिमाण, दर रकम र जम्मा खर्च र कुल खर्च देखिने गरि खर्च सारांश प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेश गरिसकेपछि मात्र कार्यक्रम खर्चको भुक्तानी हुनेछ।

७. उपभोक्ता समूहले यसै योजनाको लागि आफ्नै समूहको श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी, संघ संस्थावाट सहयोग अनुदान आदी प्राप्त गरेको भए स्पष्ट रुपमा प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

८. दोस्रो पक्षले काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

९. यस योजनाको निमार्ण र संचालन कार्य सोही आ.ब. भित्रको सम्बन्धित दिवस, मेला र महोत्सब सम्पन्न हुनु अगावै गरिसक्नु पर्नेछ ।

१०. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्ष हुनेछ ।

११. दोस्रो पक्षले पूँजीगत खर्च विषयक र निर्माण सम्बन्धि कार्यहरुको अनिवार्य सार्वजनिक जानकारी (Public Auditing) गराउनु पर्नेछ ।

१२. निर्माण कार्य अथवा यस कार्यक्रम संचालन सम्बन्धि कुनै विवाद आएमा प्रथम पक्षको निर्णय नै अन्तिम मानिने छ।

१३. यस सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| अध्यक्ष वा प्रतिनिधि | कार्यक्रम संयोजक | प्रमुख |
| नामः | नामः | नामः |
| समूह, सहकारी, व्यवसायीको नामः | कार्यालयः | कार्यालयः |
| संस्थाको छापः | | |
| साक्षीः | | |

## उपलब्धि अनुगमन सूचक

१. कृषक समुह, सहकारी, व्यवसायीको नामः २. ठेगानाः

३. संचालन गर्दै अएको व्यवसाय : ४. समूह, सहकारी, व्यवसायीको प्रकारः नयाँ/ पुरानो

५. प्रदेश सरकारबाट अन्य कार्यमा अनुदान प्राप्तः हो/हैन । ६. जम्मा संचित पूँजी वा बचत:

७. हाल प्राप्त अनुदानको प्रकार: चालुमात्र/ पूँजीगत मात्र/ दुवै

८. कार्यक्रमको प्रकारः क) दिवस ख) मेला ग) महोत्सब घ) अन्य

९. अनुदान कार्यक्रम विवरण

| सि. नं. | संचालित मुख्य क्रियाकलापहरू | जम्मा लागत | अनुदान ग्राहीको | सम्बन्धित कार्यालयको | मुख्य क्रियाकलापले पारेको सकारात्मक प्रभाव वा मुख्य उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | चालु खर्च संग सम्बन्धित | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| | | | | | | |
| ख) | पूँजीगत खर्च संग सम्बन्धित | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

जम्मा लगानी रू. लागत सहभागीता रू. अनुदान प्राप्त रू.

**१०. समुह, सहकारी, व्यवसायीले आफ्नै पहलमा गरेका कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धनका मुख्य मुख्य कार्यहरू**

१.

२.

३.

**११. आगामी योजनाहरु .....**

१.

२.

३.